# प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७

प्रदेश राजपत्रमा प्रकाशित मिति
२०७७।०८।२२

**प्रस्तावना**ः प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को दफा ७ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी विशेष अनुदान प्रदान गर्न प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस कार्यविधिको नाम "प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "प्रदेश सभाको प्रत्यक्ष निर्वाचित सदस्य" भन्नाले नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिमको सदस्य सम्झनु पर्छ।

(घ) "प्रदेश सभाको समानुपातिक तर्फको सदस्य" भन्नाले नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (ख) बमोजिमको सदस्य सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(च) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षति हुनुको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(छ) "विशेष अनुदान" भन्नाले प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को दफा ७ बमोजिमको अनुदान सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

३. **विशेष अनुदान प्रदान गरिने क्षेत्र, आधार र रकमको सीमाः** (१) प्रदेश सरकारले देहायका कुनै खास क्षेत्र तथा विशेष योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः-

(क) साक्षरता प्रतिशत राष्ट्रिय औषत भन्दा न्यून भएका क्षेत्रको शैक्षिक विकासको लागि सञ्चालन गरिने विशेष शैक्षिक आयोजना/कार्यक्रम,

(ख) आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित रहेका समुदाय एवम् बाल तथा मातृ मृत्युदर अत्यधिक भएका क्षेत्रमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी विशेष आयोजना/कार्यक्रम,

(ग) खानेपानी सेवाबाट वञ्चित रहेका क्षेत्र र समुदायका लागि खानेपानी सुविधा उपलव्ध गराउने विशेष आयोजना/कार्यक्रम,

(घ) खाद्यान्नको उत्पादनमा न्यूनता भएका क्षेत्रमा खाद्य सुरक्षा सम्बन्धी आयोजना/कार्यक्रम,

(ङ) कुनै पनि पिछडिएको क्षेत्र विशेषलाई लक्षित गरी सञ्चालन गरिने आधारभूत सेवा आपूर्ति सम्बन्धी आयोजना/कार्यक्रम,

(च) कुनै अल्पसङ्ख्यक र पिछडिएको समुदायको उत्थान गरिने विशेष आयोजना/कार्यक्रम,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बाग्मती प्रदेश

(छ) सन्तुलित विकासको अवधारणा अनुसार राष्ट्रिय औषत भन्दा पछि परेका स्थानीय तहको सन्तुलित विकासको लागि सञ्चालन गरिने सामाजिक विकासका विशेष आयोजना/कार्यक्रम,

(ज) कुनै विपद् वा मानवीय कारणबाट कुनै क्षेत्रमा पुनर्स्थापन, पुनर्निर्माण वा नवनिर्माण गर्नुपर्ने संवेदनशील अवस्था देखिएमा सो सम्बन्धी आयोजना/कार्यक्रम।

(२) उपदफा (१) बमोजिम विशेष अनुदान प्रदान गर्दा त्यस्तो क्षेत्रको मानव विकास सूचकाङ्क, जनसङ्ख्या, क्षेत्रफल, सन्तुलित विकास, पूर्वाधार विकासको अवस्था लगायतका विषयलाई छनौट प्राथमिकीकरणको आधार लिनु पर्नेछ।

(३) स्थानीय तहले विशेष अनुदानको लागि आयोजना/कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना कार्यक्रमको कुल लागत अनुमान न्यूनतम बीस लाखदेखि अधिकतम एक करोडसम्मको बजेट सीमाभित्र हुनुपर्नेछ।

४. **<u>विशेष अनुदान प्रदान नहुने</u>**: दफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका प्रकृतिका आयोजना/कार्यक्रमका लागि विशेष अनुदान उपलव्ध गराइने छैनः-

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य पूरा हुने प्रकृतिका आयोजना/कार्यक्रम,

(ख) तलब, भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानीका आयोजना/कार्यक्रम,

(ग) सीमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका आयोजना/कार्यक्रम,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका आयोजना/कार्यक्रम,

(ङ) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने खालको आयोजना/कार्यक्रम,

(च) अन्य अनुदान तथा स्रोतबाट सञ्चालनमा रहेका आयोजनामा दोहोरो पर्ने खालका आयोजना/कार्यक्रम।

५. **प्रस्ताव गर्नु पर्नेः** (१) स्थानीय तहले दफा ३ बमोजिमको क्षेत्र, आधार र रकमको सीमाभित्र रही विशेष अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रम प्रत्येक आर्थिक वर्षको फागुन मसान्तभित्र अनुसूची-१ बमोजिमको ढाँचामा देहायको विषय खुलाई योजनाको घट्दो क्रममा प्राथमिकीकरण गरी मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्नेछः-

(क) आयोजना/कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) आयोजना/कार्यक्रमको योजना, नक्शा, डिजाइन, स्पेसिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण सहितको विस्तृत विवरण,

(ग) आयोजना/कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत अनुमानको विवरण,

(घ) आयोजना/कार्यक्रमको लाभ लागत विश्लेषण विवरण,

(ङ) आयोजना/कार्यक्रमबाट लाभान्वित हुने वर्ग, क्षेत्र, समुदाय र कुल लाभान्वित जनसंख्याको अनुपात,

(च) आयोजना/कार्यक्रम सम्पन्न भएपछि प्राप्त हुने सम्भाव्य प्रतिफलको मापन योग्य विवरण,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(छ) आयोजना/कार्यक्रम सञ्चालनबाट स्रोत परिचालनमा पुग्न सक्ने योगदान,

(ज) प्रचलित वातावरण ऐनले तोके बमोजिमको वातावरणीय प्रतिवेदन।

(२) उपदफा (१) बमोजिम विशेष अनुदानमा कार्यान्वयन गर्ने आयोजना/कार्यक्रम प्रस्ताव गर्दा अनुसूची-२ बमोजिमको ढाँचामा कार्ययोजनाको विवरण समेत पेश गर्नु पर्नेछ।

६. **<u>आयोजना/कार्यक्रम छनौटः</u>** (१) स्थानीय तहहरुबाट दफा ५ बमोजिम प्राप्त हुन आएका प्रस्ताव मध्ये उपयुक्त आयोजना/कार्यक्रम छनौट गर्न मन्त्रालयमा देहाय बमोजिमको एक आयोजना/कार्यक्रम छनौट समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) महाशाखा प्रमुख, बजेट योजना तथा कार्यक्रम महाशाखा, मन्त्रालय -सदस्य

(ग) कम्तीमा अधिकृत नवौं, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक वा निजले तोकेको अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

(ङ) शाखा अधिकृत, प्रादेशिक योजना तथा अनुगमन शाखा, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक संयोजकले तोकेको मिति स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) समितिले आवश्यकता अनुसार विषय विज्ञ तथा कर्मचारीलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिले दफा ३ को क्षेत्र, आधार तथा रकमको सीमाका अतिरिक्त देहायका आधारमा आयोजना/कार्यक्रमको छनौट गर्नु पर्नेछः-

(क) आयोजना/कार्यक्रमको सम्भाव्यता, कुल लागत अनुमान, योजना कार्यान्वयन पश्चात् प्राप्त हुने उपलब्धि, प्रतिफल वा लाभ,

(ख) आयोजना/कार्यक्रम कार्यान्वयनका लागि आवश्यक भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता,

(ग) प्रदेश सरकारको प्राथमिकतामा परेको क्षेत्रसँग सम्बन्धित भएको,

(घ) आर्थिक सामाजिक पुनरुत्थानसँग सम्बन्धित भएको,

(ङ) जनताको आयस्तर वृद्धि गरी गरिबी निवारणमा योगदान पुऱ्याउने,

(च) उत्पादन र रोजगारी वृद्धि गर्ने,

(छ) स्थानीय सीप, साधन र स्रोतको अधिकतम उपयोग हुने।

(५) समितिले सामान्यतया आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने आयोजना/कार्यक्रम चालु आर्थिक वर्षको वैशाख पन्ध्रभित्र छनौट गर्नेछ।

७. **<u>अनुदान रकम खर्च गर्ने विधि र प्रकृयाः</u>** (१) स्थानीय तहले विशेष अनुदान बापत प्राप्त रकम खर्च गर्दा देहायको प्रकृया अपनाउनु पर्नेछ :-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) विशेष अनुदान जुन आयोजना/कार्यक्रममा उपलब्ध गराइएको हो सोहीमा खर्च गर्नु पर्नेछ,

(ख) स्थानीय तहले प्राप्त गर्ने विशेष अनुदान बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नु पर्नेछ,

(ग) विशेष अनुदान बापत प्राप्त रकम खर्च गर्दा प्रचलित संघीय तथा प्रदेश कानूनको पूर्ण परिपालना गरी मितव्ययी र पारदर्शी किसिमले गर्नु पर्नेछ,

(घ) विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत खर्च गर्न पाइने छैन,

(ङ) विशेष अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रमको लागि अनुदान रकम हस्तान्तरण गर्दा आयोजना/कार्यक्रमको कार्य प्रगतिको आधारमा साल बसाली विनियोजन ऐनमा भएको व्यवस्था बमोजिम निकासा हुनेछ।

(२) विशेष अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रम लक्षित उद्देश्य अनुरुप सञ्चालन नभएमा प्रदेश सरकारले त्यस्तो अनुदान बापत उपलब्ध गराएको रकम आगामी आर्थिक वर्षमा प्रदान गरिने वित्तीय हस्तान्तरण अनुदानका रकमबाट कट्टा गर्न सक्नेछ।

८. **<u>आयोजनाको कार्य तोकिएको समय भित्र सम्पन्न गर्नु पर्नेः</u>** स्थानीय तहले विशेष अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रम जुन आर्थिक वर्षको लागि स्वीकृत भएको हो सोही आर्थिक वर्षभित्र सम्पन्न गर्नुपर्नेछ। तोकिएको समयभित्र आयोजना/कार्यक्रम

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना/कार्यक्रम स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्नेछ।

९. **आयोजना/कार्यक्रमको सञ्चालन र कार्यान्वयनः** (१) आयोजना/कार्यक्रम सञ्चालन गर्दा पारदर्शी, जवाफदेही तथा प्रभावकारी हुने गरी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनु पर्नेछ।

(२) आयोजना/कार्यक्रमको ठेक्का प्रकृया पारदर्शी र प्रतिस्पर्धी बनाउन स्थानीय तहले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा विद्युतीय प्रणाली मात्र अपनाउन सक्नेछ।

(३) ठेक्का सम्झौताको विवरण सम्झौता सम्पन्न भएको सात दिनभित्र स्थानीय तहले मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ। यस्तो विवरण उपलब्ध नहुँदासम्म सो आयोजना/कार्यक्रमको बाँकी किस्ता निकासा गरिने छैन।

(४) आयोजना/कार्यक्रम सञ्चालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ।सोको लागि नागरिक समाज तथा लाभान्वित वर्ग र समुदायबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

(५) आयोजना/कार्यक्रम सञ्चालनको क्रममा कामको गुणस्तर मापन गर्ने सूचक बनाउनु पर्नेछ र आयोजना सम्पन्न भएको छोटो अवधिमानै त्यसको गुणस्तरमा ह्रास आएको खण्डमा मन्त्रालयले सोको छानविन गरी आवश्यक कारबाहीको प्रक्रिया अघि बढाउन सक्नेछ।

(६) विशेष अनुदानमा सञ्चालन गरिने आयोजना/कार्यक्रममा कन्टिन्जेन्सी बापत लागतको दुई प्रतिशत भन्दा बढी राख्न पाइने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१०. **<u>अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः</u>** (१) स्थानीय तहले सञ्चालन गरेका आयोजना/कार्यक्रमको कार्य प्रभावकारी, उपलब्धिमूलक र पारदर्शी किसिमले तोकिएको समयसीमाभित्र भए नभएको सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

(२) विशेष अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रम लक्षित उद्देश्य र प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले नियमित रुपमा अनुगमन गरी अनुसूची-३ बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(३) विशेष अनुदानबाट स्थानीय तहले सञ्चालन गरेका आयोजना/कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्न देहायको अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः-

(क) योजना कार्यान्वयन हुने क्षेत्रबाट प्रदेश सभाको प्रत्यक्ष निर्वाचित सदस्य -संयोजक

(ख) योजना कार्यान्वयन हुने निर्वाचन क्षेत्रको कुनै स्थानीय तहमा मतदाता नामावलीमा नाम भएको प्रदेश सभाको समानुपातिक तर्फको सदस्य -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख -सदस्य

(घ) योजनाको विषय क्षेत्रसँग सम्बन्धित अधिकृत स्तरको एक प्राविधिक -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) सम्बन्धित स्थानीय तहको प्रमुख
प्रशासकीय अधिकृत -सदस्य-सचिव

(४) उपदफा (३) बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिले अनुगमन तथा मूल्याङ्कन गरी अनुसूची-४ मा तोकिएको ढाँचामा प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) उपदफा (२) र (३) बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिको खर्चको व्यवस्थापन आयोजना/कार्यक्रमको कन्टिन्जेन्सी बाट हुनेछ।

११. **विशेष अनुदान रोक्का हुन सक्नेः** (१) स्थानीय तहले सञ्चालित आयोजना/कार्यक्रमको दफा १० को उपदफा (२) बमोजिम अनुगमन प्रतिवेदन सम्बन्धित निकायमा नपठाएमा, तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा सम्पन्न भएको कार्यको गुणस्तर मापदण्ड बमोजिम नभएमा मन्त्रालयले आगामी किस्ताको अनुदान रकम रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्का राखेकोमा मन्त्रालयले माग गरेको अवधिभित्र आवश्यक कागजात/विवरण पेश गरेमा वा मन्त्रालयले तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति स्थानीय तहले दिई, त्यस्तो प्रत्याभूति मन्त्रालयलाई उपयुक्त लागेमा मन्त्रालयले उपदफा (१) बमोजिम किस्ताको अनुदान रकम फुकुवा गर्न सक्नेछ।

(३) दफा १० को उपदफा (३) बमोजिम गठित अनुगमन तथा मूल्याङ्कन समितिले पेश गरेको प्रतिवेदनको आधारमा विशेष अनुदानबाट सञ्चालन हुने आयोजना निर्दिष्ट उद्देश्य पूर्ति हुन नसकेको पाइएमा प्रदेश सरकारले स्थानीय तहलाई आगामी वर्षमा दिने अनुदान रोक्का गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१२. **खारेजी र बचाउः** (१) प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम भए गरेका सबै काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## विशेष अनुदान माग गर्ने निवेदनको ढाँचा

१. अनुदान माग गर्ने स्थानीय तहको नामः

२. ठेगानाः

३. सम्पर्क फोन/फ्याक्स/इमेलः

४. आयोजना/कार्यक्रमको नामः

५. आयोजना/कार्यक्रम कायान्र्वयन गर्ने स्थानः

६. आयोजना/कार्यक्रमको अनुमानित कुल लागत रुः

७. आयोजना/कार्यक्रमबाट लाभान्वित हुने सम्भावित जनसंख्याः

८. आयोजना/कार्यक्रम सम्पन्न गर्न लाग्ने अनुमानित समयः

**संलग्न आवश्यक कागजातहरुः**

(१) आयोजना/कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिबिलिटि स्टडी) प्रतिवेदन

छ ☐ छैन ☐

(२) आयोजना/कार्यक्रमको नक्शा, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण

छ ☐ छैन ☐

(३) स्थानीय तहले विशेष अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि

छ ☐ छैन ☐

(४) आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित विवरण

छ ☐ छैन ☐

(५) प्रचलित कानून बमोजिम आयोजना/कार्यक्रमको वातावरणीय प्रतिवेदन

छ ☐ छैन ☐

(६) आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने समयावधि सहितको कार्ययोजना

छ ☐ छैन ☐

(७) मन्त्रालयले तोकेका अन्य विवरण कागजात

छ ☐ छैन ☐

प्रमुख प्रशासकीय अधिकृतकोः

दस्तखतः

पदः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

## कार्ययोजनाको ढाँचा

आयोजना/कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको नाम:

ठेगाना:

सम्पर्क नं:

| क्र.सं | आयोजना/कार्यक्रमको नाम | प्रस्तावित बजेट | कार्यान्वयन समय | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | | | | दोश्रो चौमासिक | | | | तेश्रो चौमासिक | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

१. लागत अनुमान तयारी तथा स्वीकृति।विस्तृत परियोजना विवरण (डी. पी. आर.) स्वीकृत गर्ने।

२. खरिद तथा सम्झौता व्यवस्थापन गर्ने।

३. निर्माण कार्य सञ्चालन तथा अनुगमन गर्ने।

**नोटः** माथि दिइएका संकेतमध्ये कुन चौमासिकमा कुन कार्य गर्ने हो, सोही अनुसार उपयुक्त संकेतीकरण गरी कार्ययोजना पेश गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृतको:

दस्तखतः

पदः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बा

अनुसूची-३

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

**स्थानीय तहले पठाउने प्रगति प्रतिवेदनको ढाँचा**

आयोजना/कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको नाम:

ठेगाना:

सम्पर्क नं:

| क्र. सं. | आयोजना/ कार्यक्रमको नाम | आयोजना/ कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | .........अवधिको लक्ष्य | | ...........अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक (%) | वित्तीय (रु.) | भौतिक (%) | वित्तीय (रु.) | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(क) अनुगमनको क्रममा देखिएका समस्या/यथार्थ अवस्था:

(ख) समस्या समाधानका लागि गरिएको प्रयास:

(ग) सुझाव/सिफारिस:

..................... ................................................

तयार गर्ने अनुगमन समितिको संयोजक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-४

(दफा १० को उपदफा (४) सँग सम्बन्धित)

**<u>अनुगमन तथा मूल्याङ्कन समितले प्रदेश सरकार समक्ष पेश गर्ने प्रतिवेदनको ढाँचा</u>**

आयोजना/कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको नाम:

ठेगाना:

सम्पर्क नं:

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | आयोजना/कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | .........अवधिको लक्ष्य | | ..........अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक (%) | वित्तीय (रु.) | भौतिक (%) | वित्तीय (रु.) | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(क) अनुगमनको क्रममा देखिएका समस्या/यथार्थ अवस्था:

(ख) समस्या समाधानका लागि गरिएको प्रयास:

(ग) सुझाव/सिफारिस:

(अनुगमन तथा मूल्याङ्कन समितलाई यसका अतिरिक्त थप विवरण पेश गर्न आवश्यक लागेमा यो ढाँचा भरी उक्त विवरण समेत संलग्न राखी प्रदेश सरकार समक्ष प्रतिवेदन गर्न सक्नेछ)

.....................                                    ..............................................

तयार गर्ने                                    अनुगमन समितिको संयोजक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश